# कर्मचारी समायोजन ऐन, २०७४

प्रमाणीकरण मिति

२०७४।६।२९

## संवत् २०७४ सालको ऐन नं. ३२

**प्रस्तावना :** सरकारी सेवा र अन्य सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कर्मचारी समायोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर्मचारी" भन्नाले यो ऐन प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले कर्मचारी प्रशासन हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समायोजन" भन्नाले कर्मचारीलाई सङ्घ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा पदस्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "सरकारी सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवा सम्झनु पर्छ ।

(च) "सेवा सञ्चालन गर्ने निकाय" भन्नाले प्रचलित कानून बमोजिम सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

नेपाल कानून आयोग

३. **कर्मचारीको विवरण तयार गर्ने** : (१) मन्त्रालयले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि कर्मचारीको विवरण तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको निमित्त मन्त्रालयले माग गरेको कर्मचारीको विवरण सेवा सञ्चालन गर्ने निकायले तोकेको अवधिभित्र पठाउनु पर्नेछ ।

४. **सङ्गठन तथा कर्मचारी दरबन्दी** : (१) नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी निर्धारण गर्न तोकिए बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "समिति" भन्नाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ ।

(२) समितिले सङ्घ, प्रदेश र स्थानीय तहको संविधान बमोजिमको अधिकारको सूची, कार्य प्रकृति र औचित्य समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहको लागि कर्मचारी दरबन्दी सिफारिस गर्दा समितिले स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी समायोजन भई पदपूर्ति हुने दरबन्दीको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले उपदफा (२) बमोजिम सङ्गठन संरचना र कर्मचारी दरबन्दी सिफारिस गर्दा सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी वा तहलाई सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवाको मिल्दो सेवा, समूह, उपसमूह, श्रेणी वा तहमा तोकिए बमोजिम मिलान गरी सिफारिस गर्नेछ ।

(५) उपदफा (२) बमोजिम समितिले सिफारिस गरेको आधारमा नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नेछ ।

(६) समितिको कार्यावधि बढीमा छ महिनाको हुनेछ ।

(७) उपदफा (१) बमोजिमको कामको लागि समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(८) सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **कर्मचारी समायोजनको आधार** : (१) दफा ६ बमोजिम कर्मचारी समायोजन गर्दा साविकमा कार्यरत सेवा, समूह तथा उपसमूहको पदसँग मिल्दो सङ्घ, प्रदेश वा स्थानीय तहको पदमा देहायका प्राथमिकताको आधारमा गरिनेछ :-

(क) कार्यरत पदको ज्येष्ठता,

(ख) कर्मचारीले रोजेको सङ्घ, प्रदेश वा स्थानीय तह,

(ग) हालको स्थायी बसोबासको ठेगाना र सो नखुलेमा नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना ।

(२) उपदफा (१) बमोजिम कर्मचारी समायोजन गर्दा कर्मचारीको छनौटका आधारमा सम्भव भएसम्म पति पत्नीलाई एकै स्थानमा पर्ने गरी सङ्घ, प्रदेश वा स्थानीय तहमा समायोजन गरिनेछ ।

तर उपदफा (२) बमोजिम समायोजन गर्दा कर्मचारीलाई उपदफा (१) बमोजिमका समायोजनका आधारभन्दा फरक ढङ्गले समायोजन गरिने छैन ।

(३) कर्मचारी समायोजनका आधार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **कर्मचारी समायोजन** : (१) दफा ४ बमोजिम कायम भएको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दीमा कर्मचारी समायोजन गर्दा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारीको हकमा नेपाल सरकार तथा अन्य कर्मचारीको हकमा सेवा सञ्चालन गर्ने निकायले सेवा, समूह वा उपसमूहको मिल्दो समान पदमा समायोजन गर्नेछ ।

(२) दफा ६ बमोजिम कर्मचारीलाई सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा समायोजन हुने सरकारी कर्मचारीको शैक्षिक योग्यता र नोकरी अवधि समेतका आधारमा तह मिलान गरी समायोजन गरिनेछ ।

(३) दफा ४ को उपदफा (५) बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको लागि कर्मचारीको दरबन्दी स्वीकृत भएको मितिले छ महिनाभित्र उपदफा (१) बमोजिम कर्मचारी समायोजन गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएको कर्मचारी समायोजन भएको तहमा कार्यरत रहँदासम्म सोही तहप्रति र प्रचलित कानून बमोजिम बढुवा वा सरुवा भई अर्को तहमा पदस्थापन भएमा पदस्थापन भएको तहप्रति नै उत्तरदायी हुनेछ ।

(५) उपदफा (३) बमोजिम समायोजन हुनुपूर्व कुनै सरकारी कर्मचारी प्रदेश वा स्थानीय सेवाको कानून बमोजिमको सेवा शर्त तथा सुविधा लिने गरी प्रदेश वा स्थानीय तहमा समायोजन हुन चाहेमा यस ऐन बमोजिम समायोजन गर्न सकिनेछ ।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत व्यवस्थापिका-संसद सचिवालयमा कार्यरत व्यवस्थापिका-संसद सेवाका कर्मचारी सङ्घ, प्रदेश वा स्थानीय तहमा समायोजन हुन चाहेमा निजहरुको शैक्षिक योग्यताको आधारमा सङ्घीय वा प्रदेश निजामती सेवा वा स्थानीय सेवाको मिल्दो सेवा वा समूहको पदमा मन्त्रालयले समायोजन गर्नेछ ।

(७) कर्मचारी समायोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **कर्मचारी हाजिर हुनुपर्ने** : (१) दफा ६ बमोजिम समायोजन भएका कर्मचारी बाटोको म्याद बाहेक पैँतीस दिनभित्र समायोजन गरिएको सङ्घ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा हाजिर हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन हुँदाका बखत देहायको अवस्थामा रहेको कर्मचारीले देहायको अवधि समाप्त भएको पैँतीस दिनभित्र सोही उपदफा बमोजिम समायोजन भएको सेवाको पदमा हाजिर हुनु पर्नेछ :–

(क) प्रसूति बिदा वा प्रसूति स्याहार बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएपछि,

(ख) किरिया बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएपछि,

(ग) निलम्बनमा रहेको कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएपछि,

(घ) असाधारण वा अध्ययन बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएपछि,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले अस्पतालबाट डिस्चार्ज भएको मितिबाट ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र हाजिर नहुने कर्मचारीलाई नेपाल सरकारले सेवाबाट अवकाश दिनेछ ।

(४) उपदफा (३) बमोजिम कर्मचारीलाई सेवाबाट अवकाश दिनुपूर्व प्रचलित कानून बमोजिम सफाइ र स्पष्टीकरण पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कर्मचारीलाई सेवाबाट अवकाश दिने विषयमा नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिनेछ ।

(६) उपदफा (३) बमोजिम अवकाश पाएको कर्मचारीले प्रचलित कानून बमोजिमको सुविधा पाउनेछ ।

(७) सम्बन्धित निकायको प्रशासकीय प्रमुख वा अधिकारीले यस ऐन बमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीलाई तोकिएको अवधिभित्र हाजिर गराई जिम्मेवारी दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम हाजिर नगराउने र जिम्मेवारी नदिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

८. **समन्वय समिति** : (१) कर्मचारी समायोजन सम्बन्धमा समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) मुख्य सचिव -संयोजक

(ख) सचिव, सेवा सञ्चालन गर्ने निकाय -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य सचिव

(२) समन्वय समितिमा आवश्यकता अनुसार प्रदेशको सम्बन्धित प्रमुख प्रशासकीय अधिकारी, सम्बन्धित स्थानीय तहको प्रशासकीय प्रमुख र सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समन्वय समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(४) समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. **सेवाको सुरक्षा र वृत्ति विकास** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि यस ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरू समायोजन हुनुपूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै हुनेछ ।

(२) दफा ६ बमोजिम समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको तलब, भत्ता, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर पर्नेगरी कानून बनाउन पाइने छैन ।

नेपाल कानून आयोग

(३) यस ऐन बमोजिम समायोजन भएको कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्नेछ ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीलाई यस उपदफा बमोजिमको सुविधा दिइने छैन ।

(४) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन हुने सरकारी कर्मचारीलाई सङ्घीय निजामती सेवा सम्बन्धी ऐनमा व्यवस्था भए बमोजिम सङ्घीय निजामती कर्मचारी सरह सङ्घीय निजामती सेवामा बढुवा तथा वृत्ति विकासका अन्य अवसर प्रदान गरिनेछ ।

तर,

(१) प्रदेश वा स्थानीय तहमा समायोजन भएपछि सो तहमा एक पटक बढुवा भैसकेको कर्मचारी सङ्घीय निजामती सेवाको पदमा बढुवा वा सरुवा हुन सक्ने छैन ।

(२) सङ्घ, प्रदेश वा स्थानीय तहमा समायोजन भएपछि सङ्घीय निजामती सेवामा एक पटक बढुवा भएको कर्मचारी साबिकको प्रदेश वा स्थानीय तहमा बढुवा वा सरुवा हुन सक्ने छैन ।

(५) यस ऐन बमोजिम सङ्घमा समायोजन भएको कर्मचारीलाई सङ्घीय निजामती सेवाभित्र, प्रदेशमा समायोजन भएको कर्मचारीलाई सम्बन्धित प्रदेशभित्र र स्थानीय तहमा समायोजन भएको कर्मचारीलाई सम्बन्धित प्रदेशभित्रका स्थानीय तहमा सङ्घीय निजामती सेवा ऐन बमोजिम सरुवा गरिनेछ ।

(६) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भई सो तहमा तोकिएको अवधि सेवा गरेको सरकारी कर्मचारीलाई सङ्घ र सङ्घमा समायोजन भई सङ्घमा तोकिएको अवधि सेवा गरेको सरकारी कर्मचारीलाई प्रदेश वा स्थानीय तहको मिल्दो सेवा, समूह वा उपसमूहको पदमा सङ्घीय निजामती सेवा ऐन बमोजिम सरुवा गर्न सकिनेछ ।

(७) नेपाल सरकारलाई प्राप्त वैदेशिक छात्रवृत्ति अन्तर्गतका अध्ययन, तालिम, सेमिनार, गोष्ठी जस्ता अवसरहरु सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन हुने सरकारी कर्मचारीलाई समानुपातिक रूपमा वितरण गरिनेछ ।

१०. **पुल दरबन्दी** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कर्मचारीलाई समायोजन गर्ने प्रयोजनको लागि कर्मचारीको दरबन्दी सेवा, समूह सञ्चालन गर्ने निकायमा स्वतः पुल दरबन्दीमा कायम रहेको मानिनेछ ।

११. **कर्मचारी खटाउन सक्ने** : (१) प्रचलित कानून र यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहमा सेवा प्रवाहको व्यवस्था मिलाउन दफा ६ बमोजिम कर्मचारी समायोजन नभएसम्म नेपाल सरकारले सम्बन्धित सेवा, समूह वा उपसमूहको कर्मचारीलाई सङ्घ, प्रदेश वा स्थानीय तहमा कामकाज गर्न खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी खटाउँदा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारीलाई नेपाल सरकारले र अन्य कर्मचारीलाई सेवा सञ्चालन गर्ने निकायले खटाउनेछ ।

१२. **दरबन्दी सृजना र पदपूर्ति** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि दफा ४ बमोजिमको अवस्थामा बाहेक कुनै निकायको लागि सङ्गठन संरचना र दरबन्दी सृजना गरिने छैन ।

(२) दफा ४ बमोजिमको सङ्गठन संरचना र दरबन्दी निर्धारण भई स्वीकृत नभएसम्म प्रचलित कानून बमोजिम रिक्त पदमा खुला वा बढुवाद्वारा पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम भएको विज्ञापन अनुसार नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएको उम्मेदवारलाई दफा ४ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको लागि स्वीकृत भएको नयाँ संरचना र दरबन्दीमा समायोजन गर्न बाधा पुगेको मानिने छैन ।

(४) प्रदेश लोक सेवा आयोग गठन नभएसम्म प्रदेश वा स्थानीय तहको स्वीकृत दरबन्दीको रिक्त पदमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नेपाल सरकार मार्फत पठाएको मागका आधारमा लोक सेवा आयोगले पदपूर्तीको लागि उम्मेदवार सिफारिस गर्न सक्नेछ ।

१३. **स्वेच्छिक अवकाश लिन सक्ने** : (१) यस ऐन बमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहमा समायोजन हुन नचाहने पचास वर्ष उमेर पूरा भएको र निवृत्तभरण पाउने अवस्था भएको

कुनै कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्त बमोजिम स्वेच्छिक अवकाश लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वेच्छिक अवकाश लिने कर्मचारीमध्ये नेपाल स्वास्थ्य सेवाका कर्मचारी, व्यवस्थापिका-संसद सेवाका कर्मचारी र सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघि निजामती सेवामा प्रवेश गर्ने कर्मचारीको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र सोभन्दा पछि निजामती सेवामा प्रवेश गर्ने कर्मचारीको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा अवधि कायम भएको कर्मचारीलाई सात वर्षको निवृत्तभरण एकमुष्ट रुपमा स्वेच्छिक अवकाश लिँदाका बखत दिइनेछ र सो अवधि भुक्तान भएपछि प्रचलित कानून बमोजिम निवृत्तभरण दिइनेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रकाशन गर्नु पर्नेछ ।

१४. **अन्य सेवामा कार्यरत कर्मचारीको समायोजन** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिनेछ ।

(२) यस ऐन तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूची ६ र ८ बमोजिम प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा परेका विषयसँग सम्बन्धित काम गर्ने प्रचलित कानून बमोजिम स्थापना भएका र नेपाल सरकारको पूर्ण अनुदानमा सञ्चालित सङ्गठित संस्थामा कार्यरत स्थायी कर्मचारीलाई निजहरुको साविकको काम हस्तान्तरण हुने प्रदेश वा स्थानीय तहमा सोही काम सम्पादन गर्न निजहरुको साविकको सेवाको शर्त र सुविधा कायमै रहने गरी तोकिए बमोजिम समायोजन गरिनेछ ।

१५. **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

नेपाल कानून आयोग